■ बसन्त महर्जन

# मेरो कोठामा जर्ज बुश र सद्दाम हुसेन

हिजो आज
कुनै पनि बेला
जर्ज बुश र सद्दाम हुसेन निर्धक्क मेरो कोठामा पस्छन्
र झगडा गर्न थाल्छन्
एक आपसमा
मेरो कोठाको आदिम शान्तिलाई भंग गरी ।

'अतिथी देव: भव:' जप्ने मेरो कोठाका हामी
मुखामुख गर्छौं, अचम्म मान्छौं
हामी त सोझा मान्छे
उनीहरुलाई कुरा गर्न भन्यौं
तर दुवै आफ्नो मात्र बोल्छन् र सुन्दैनन् ।
अब त जर्ज बुश र सद्दाम हुसेनमात्रै कहाँ हो र ?
बिन लादेन पनि हाम्रा पाहुना हुन्छन्
मेरो कोठाबाट तालिबानहरु त निस्के
तर कुन बेला फेरि कसरी पस्ने हो थाहा छैन
हामीसँग बसिबियाँलो गर्ने पाहुनाको सत्कारमै हुर्केका हामी
यी नयाँ पाहुनालाई सत्कार गर्न जानेनौं
र त हामीलाई लाटो थानेर उपदेश दिन्छन्
हामीलाई आ- आफ्नो पक्षमा उभ्याउन
के के भन्यो के के, फगत लोभ्याउन ।

हिजोसम्म झ्यालमुनि देखिएका अनुहारहरु
हटरपटर कोठामा पस्छन् आज माओवादी बनेर प्रचण्ड र डा. बाबुराम भट्टराईहरु
मेरो देशका मेरा ठेकेदारहरु पनि पस्छन् सँगसँगै आजभोलि
केही अघिसम्म त यिनीहरुको बन्दूक बोल्थ्यो मेरै कोठामा हाम्रै अगाडि रगतको खोला बगाएर
अहिले कुरा गर्ने भनेको छ तर दुबैले बन्दूक सोझ्याएकै छ
अलिकतिको भूलले पनि बन्दूक पड्किन सक्छ
र गोली हाम्रै टाउकोमा ठोकिन पनि सक्छ ।

मलाई डर लाग्छ
भर्खरै जन्मेको मेरो छोरा
अब तिनै झगडालुहरुसँगै हुर्कने पो हो कि
'बसुधैव कुटुम्बकम्' भन्ने मेरो जीवनको व्याकरण थाम्ने छैन मेरो छोराले ।
झगडालुहरु झगडाका गीत गाउँछन्
मेरो कोठाको रेडियो, टेलिभिजन र इन्टरनेटमा
'बसुधैव कुटुम्बकम्'को गीत बज्न छाडेको धेरै दिन भो
र सायद मेरो छोरा पनि झगडाको गीत सिक्दैछ आफ्नै बाबुलाई बिर्सेर ।

( 28th Frebury 2003 )

❑ बसन्त महर्जन

# जिगु क्वथाय् जर्ज बुश व सद्दाम हुसेन

थौंकन्हय्,
गुगुं नं इलय्
जर्ज बुश व सद्दाम हुसेन हायेम्व:पाहाँ थें जिगु क्वथाय् दुहाँ वइ
अले थवं थवय् ल्वाइ
जिगु क्वथाया आदिम शान्तिया तछ्याना: ।

'अतिथी देव: भव:' धका: तुत: ब्वनेपिं जिगु क्वथाया जिपिं
लिक्क च्वंम्हेसिया ख्वा: स्वये, बापु मे वांन्याना अजूचाये
जिपिं ला सोभ्फापिं
छु जुल खँ ल्हाना ब्याकेत धया
तर निम्हं थ: थ: जक हाल, सुनानं सुयागुं मन्यं ।
आ: ला जर्ज बुश व सद्दाम हुसेन जक गन ख: धका: ?
बिन लादेन नं जिमि पाहाँ जुइधुंकल
जिगु क्वथां तालिवानत ला पिहाँ वन
तर हाकनं गबलय् गुकथं दुहाँ वइगु ख: मस्यू
थ:थें हे ज्व:पिन्त जक पाहाँ याये स:पिं जिपिं
न्हू पाहाँपिन्त पाहाँ याये मसल
उकिं ला मस: मस्यूपिं भा:पा: उपदेश बिया थकी
जिमित थ:थ: कवलय् लिइकेत
छु छु धाल छु छु, ह्ययेकेत ।

म्हिग: तकं भ्फ्या:क्वय् खनेगु ख्वा:पा:चात
काचाकाचां क्वथाय् दुहाँ वइ थौं, माओवादी जुया: प्रचण्ड व डा. बाबुराम भट्टराईपिं
जिगु देय्या ठेकेदारत नं दुहाँ वइ नापनापं हे थौंकन्हय्
न्हाच: हे जक धया थें च्वं, बन्दूकं न्व वाइपिं थुपिं जिगु हे क्वथाय् जिमिगु हे न्ह्य:ने हिबा: न्ह्याका:
आ: खँ ल्हाये धा:गु दु तर बन्दूक क्वछ्रूगु मदु
भतिचा द्वनेवं नं छुं जुइफु
गोली जिमिगु हे छ्यनय् कये नं फु ।

जि ग्या:
नकतिनि बूम्ह जिमि काय्
आ: थुपिं हे ल्वापुमाक:तलिसे हे ब्वलनीगु जकं ख:ला
'बसुधैव कुटुम्बकम्' धायेगु जिगु जीवनया व्याकरण कुबुइ मखु जिमि कायं ।
ल्वापुमाक:त ल्वापुया म्ये हाली
जिगु क्वथाया रेडियो, टेलिभिजन व इन्टरनेटय्
'बसुधैव कुटुम्बकम्'या म्ये हाले त्व:तूगु ता:ई दत
सायद जिमि काय् नं ल्वापुया म्ये हाले सयेकाच्वन थ: हे अबु ल्व:मंका: ।
( 28th Frebury 2003 )